## गण्डकी प्रदेश नीति तथा योजना आयोगको मिति २०८० चैत १२ गतेको निर्णयानुसार स्वीकृत दोस्रो पञ्चवर्षीय योजना आधार-पत्र सार्वजनीकरण

समावेशी र सन्तुलित तथा दिगो सामाजिक-आर्थिक विकासको गतिलाई तीव्रता दिई समुन्नति हासिल गर्न योजनाबद्ध विकास प्रयास आवश्यक हुन्छ। नेपालमा योजना तर्जुमा गर्ने कार्य विक्रम संवत् २०१३ देखि प्रारम्भ भएको हो । वि. सं. २०८० अन्त्यसम्ममा १५ वटा योजना तर्जुमा भई कार्यान्वयन भएका र सोह्रौं योजना जारी हुने अवस्थामा रहेको छ ।

नेपालको संविधानको व्यवस्था र भावनालाई हृदयङ्गम गरी नेपाल सरकारले योजनाबद्ध रूपमा "समृद्ध नेपालः सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्न वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ । अर्कोतर्फ वि.सं. २०८३ (सन् २०२६) मा नेपाललाई अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरिएको छ । सोही आधारमा जारी भएको यस प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) को कार्यान्वयन अवधि वि.सं. २०८१ असारबाट सम्पन्न हुने र आगामी पाँच वर्ष (२०८१/८२-२०८५/८६) अवधिका लागि दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरिएको छ ।

राष्ट्रिय योजना आयोगले तय गरेको सोह्रौं योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउने र कार्बन तटस्थ, समावेशी, दिगो तथा उत्थानशील अर्थतन्त्र निर्माण गरी प्रदेश समुन्नतिको आधारशीला तयार पार्ने उद्देश्यले प्रदेश नीति तथा योजना आयोगले गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना तयार गरेको छ । यो योजना मूलतः नेपालको संविधानका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, प्रादेशिक कार्यसूची, नेपालको सोह्रौं योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको समीक्षा, प्रदेश सरकारका नीति तथा प्राथमिकता, प्रदेशको सम्भावना, सामर्थ्य तथा दिगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट निर्देशित रहेका छन् ।

योजनाले "आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी" को सोच तय गरेको छ। उक्त सोच हांसिल गर्न उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने प्रादेशिक लक्ष्य निर्धारण गरिएको छ।

उक्त लक्ष्य प्राप्तीका लागि ३ प्रादेशिक उद्देश्य, ८ समष्टिगत रणनीति र १४ प्राथमिक क्षेत्रहरू पहिचान गरिएको छ।

योजनाका ३ उद्देश्यहरु गुणस्तरीय पूर्वाधार र उत्पादन, रोजगारी तथा आय वृद्धि गर्नु, मानव पुँजी निर्माण, विकासका लाभको समन्यायिक वितरण र सामाजिक न्याय स्थापित गर्नु र गुणस्तरीय सार्वजनिक सेवाप्रवाह र सुशासन अभिवृद्धि गर्नु रहेका छन।

प्रादेशिक विकासका लागि लिइएका ८ समष्टिगत रणनीति देहायबमोजिम रहेका छनः

गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश
पोखरा, नेपाल

१. उत्पादन तथा उत्पादकत्व र दिगो आर्थिक वृद्धि गर्ने,
२. मानव पुँजी निर्माण तथा न्यायपूर्ण समाजको स्थापना गर्ने,
३. दिगो तथा उत्थानशील पूर्वाधार विकास तथा अन्तर-आबद्धता अभिवृद्धि गर्ने,
४. हरित, कार्बन तटस्थ तथा जलवायुमैत्री कार्य र स्वच्छता अभिवृद्धि गर्ने,
५. विकास प्रक्रिया तथा नतिजामा लैङ्गिक समानता तथा समावेशिता कायम गर्ने,
६. नवीन ज्ञान तथा प्रविधिको अभ्यास र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने,
७. स्रोत परिचालन, सुशासन, अन्तरसम्बन्ध र साझेदारीलाई सबलीकरण तथा सुदृढीकरण गर्ने,
८. प्रदेश नीति, योजना तथा विकास नतिजालाई अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित बनाउने।

योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिलाई मूर्तता प्रदान गर्न गण्डकी प्रदेशले आगामी ५ वर्षका लागि तय गरेका प्रादेशिक विकास तथा रुपान्तरणका १४ प्राथमिक क्षेत्रहरु:

१. सुदृढ प्रादेशिक अर्थतन्त्र
२. प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन
३. व्यावसायिक कृषि तथा आत्मनिर्भरता
४. दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण
५. बजारमुखी उत्पादन र दिगो पर्यटन
६. सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ
७. शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण
८. मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण
९. दिगो तथा उत्थानशील पूर्वाधार
१०. स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी व्यवस्थापन
११. सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता
१२. सक्षम महिला, सामाजिक समावेशीकरण तथा समानता
१३. सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध
१४. सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन

त्यस्तै योजनाले प्रदेश सरकारको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना, प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना, प्रदेश तथा स्थानीय तह साझेदारी कार्यक्रम, प्रदेश-सङ्घ साझेदारी कार्यक्रम, वैदेशिक सहयोगमा सञ्चालन हुने कार्यक्रम, सार्वजनिक-निजी साझेदारी कार्यक्रम, निजी क्षेत्रको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना पहिचान गरेको छ।

योजनाको आधारपत्रको विद्युतीय प्रति आयोगको वेबसाईट http://ppc.gandaki.gov.np/ मार्फत डाउनलोड गरी हेर्न सकिन्छ।

गण्डकी प्रदेश सरकार गण्डकी प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश पोखरा, नेपाल

गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरा

मिति २०८०/१२/१९